

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २६ गते मंगलबार ❑ 11 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मापदण्ड बाहिरका संरचनामा पोखरा महानगरको डोजर


पोखरापत्र संवाददाता
पोखरा, २५ असार


पृथ्वी राजमार्गमा सडक अधिकार क्षेत्र मिचेर बनाइएका संरचनामा पोखरा महानगरपालिकाले डोजर चलाएको छ।

सोमबार महानगर प्रमुख धनराज आचार्यको नेतृत्वमा सडक विभागका प्रतिनिधि र नगर प्रहरीसहितको टोलीले सडक मापदण्डभित्र पर्ने संरचना हटाएको हो ।

पोखरा-९ पृथ्वीचोकदेखि विजयपुर खोलासम्म राजमार्गको दायाँबायाँ (२३ मिटर) मापदण्डभित्र पर्ने संरचना हटाइने महानगर प्रमुख आचार्यले बताउनुभयो। अवैध संरचनासहित अव्यवस्थितरुपमा राखिएका सामग्री पनि हटाइने उहाँको भनाइ थियो। "मापदण्डभित्र पर्ने संरचना हटाउन पूर्वसूचना गरिएको थियो, नगर प्रहरीले घरघरै गएर त्यस्ता संरचना हटाउन पनि भनेको थियो, हिजो हामीले माइकिङ पनि गर्‍यौँ", महानगर प्रमुख आचार्यले भन्नुभयो, "यति गर्दा पनि व्यवसायी र घरधनीले अटेर गरेपछि महानगर आफैँले संरचना हटाउन सुरु गरेको हो ।" उहाँले कास्की र तनहुँको सीमा कोत्रेसम्मै पृथ्वी राजमार्गको दायाँबायाँ अतिक्रमण गरेर बनाइएका घरटहरादेखि सबैखाले संरचना हटाइने जनाउनुभयो । पोखरा-मुग्लिनसडकआयोजनामापर्नेउक्त खण्डमारहेकामापदण्डविपरीतका संरचना हटाउन सडक विभाग एक्लैले नसकेपछि महानगरले सहयोग गरेको प्रमुख आचार्यले बताउनुभयो ।



"सडकको 'राइट अफ् वे क्लियर' नभएसम्म निर्माण कम्पनीले पनि काम अप्ठ्यारो भएको जनाउँदै आएको थियो, मापदण्डभित्रका संरचना हटाएपछि पोखरातिरबाट सडक विस्तारको काम सुरु हुन्छ", उहाँले भन्नुभयो, "यही सडक हेर्न एडिबीको टोली पनि आउँदैछ, सडक विभागको काममा हामी पनि सहजीकरण गर्छौं ।" एशियाली विकास बैंक (एडिबी) को सहयोगमा पोखरा-मुग्लिन सडक विस्तार र स्तरोन्नति गरेर चार लेनको बनाउन लागिएको हो । सडक निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनीले लिएको छ ।

## पोखरामा ६० प्रतिशत रोपाइँ


पोखरापत्र संवाददाता
पोखरा, २५ असार


पोखरा महानगरपालिकाभित्र ६० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ।

महानगर भित्रका सिँचाइ सुविधा उपलब्ध भएका अधिकांश क्षेत्रमा रोपाइँ सकिएको र सिँचाइ सुविधा नभएका, पानीका मूल नफुटेका केही स्थानमा रोपाइँ हुन नसकेको महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

पोखराको फेवातालको सिरान पामे, अर्मला, आर्वा, कुँडहरका साथै लेखनाथका खराने, सिसुवा, पटनेरी, गगनगौँडा, बेलबुटे, मालमूल, सुरौदीलगायतका स्थानमा रोपाइँ सकिएको छ । पर्याप्त पानी नपरेका कारण राम्रोसँग मूल नफुट्दा तारकाङ, कालिका, माझठाना, आँगेटारी, खुर्वादी, अम्टारी, हिलेपोखरीलगायत स्थानका टारी खेतमा अझै अपेक्षित रोपाइँ हुन नसकेको कृषक बताउँछन् ।

पोखरा महानगरपालिकाले महानगर क्षेत्रभित्र १० हजार किलो पोखरेली जेठोबूढो धानको बीउ कृषकलाई वितरण गरेको गरेको थियो । विभिन्न कृषक समूहबाट खरिद गरी ५० प्रतिशत अनुदानमा १० हजार किलो पोखरेली जेठोबूढो धानको बीउ वितरण गरिएको हो ।

## गण्डकी प्रदेशसभामा विषयगत समितिको बाटो खुल्यो


पोखरापत्र संवाददाता
पोखरा, २५ असार


गण्डकी प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको छ महिनापछि विषयगत समिति गठनको बाटो खुलेको छ । प्रदेशसभा बैठकबाट प्रदेशसभा नियमावली पारित भएसँगै विषयगत समिति गठनको तयारी अगाडि बढेको हो ।

'मिनी संसद्' मानिने विषयगत समिति गठनमा ढिलाइ हुँदा सरकारले ल्याउने विधेयकमाथि दोहोरो बहस र छलफल बिना नै प्रदेशसभा बैठकबाट पारित हुँदै आएको थियो । प्रदेशसभाका सदस्य नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका थिएनन् । प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले प्रदेशसभा नियमावली सभामुखबाट पारित भएपछि सोहीअनुसार सदनको कामकारबाही अगाडि बढ्ने बताउनुभयो । नियमावलीमा रहेको प्रावधानअनुसार विषयगत समितिको गठन प्रक्रिया छिट्टै सुरु हुने उहाँको भनाइ थियो । "सभामुखले समितिका सदस्यको सङ्ख्या तोक्नुहुन्छ, अनि दलबाट समितिमा बस्ने सदस्यको नाम माग्नुहुन्छ", प्रवक्ता सुवेदीले भन्नुभयो, "गठन भएको समितिले नै पछि सभापति चुन्छ, पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा हुन्छ ।" सरकार फेरबदललगायत राजनीतिक घटनाक्रमले प्रदेशसभा नियमावली मस्यौदा समितिको काम प्रभावित हुँदा विषयगत समिति गठन पछाडि धकेलिँदै आएको उहाँको भनाइ थियो । नियमावलीको मस्यौदा निर्माणका लागि प्रदेशसभाका ज्येष्ठ सदस्य विन्दुकुमार थापाको संयोजकत्वमा ११ सदस्यीय समिति बनेको थियो। उक्त नियमावली गत शुक्रबारको प्रदेशसभा बैठकबाट पारित भएको थियो । नियमावली पारित भएसँगै प्रदेशसभामा प्रतिनिधित्व गर्ने दल पनि समिति गठनको गृहकार्यमा जुटेका छन् । नियमावलीमा चार विषयगत समितिको व्यवस्था रहेको प्रदेशसभा सचिवालयका कानुन अधिकृत कुमार रिजालले जानकारी दिनुभयो । पहिले रहेका विषयगत समितिका नाम र कार्यविभाजनमा हेरफेर गरिएको उहाँको भनाइ थियो ।

नयाँ प्रावधानअनुसार प्रदेशसभामा अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानुन समिति र सामाजिक विकास तथा कृषि समिति रहने कानुन अधिकृत रिजालले बताउनुभयो । उहाँका अनुसार पहिलेको विधायन समिति हटाइएको छ भने सामाजिक विकास तथा कृषि समिति नयाँ थप भएको हो ।

विसं २०७४ को प्रदेशसभा नियमावलीमा व्यवस्था भएबमोजिम प्रदेशसभाको अघिल्लो कार्यकालमा विधायन, सार्वजनिक लेखा, अर्थ तथा विकास र प्रदेश मामिला गरी चार वटा विषयगत समिति थिए । प्रदेशसभा सचिवालयले कामकाजी र प्रभावकारी हुनेगरी विषयगत समिति गठन गर्न लागिएको जनाएको छ। यसअघि प्रदेशसभा सदस्यले समिति गठनको प्रक्रियालाई छिटो अगाडि बढाउन माग गर्दै आएका थिए।

## सामान्य मतभेद हुने वित्तिकै संसद् अवरोध गर्ने संस्कारमा परिवर्तन ल्याउनुपर्छ : प्रधानमन्त्री दाहाल


रासस
काठमाडौं, २५ असार


प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सामान्य विषय उठ्ने वित्तिकै संसद् अवरोध गर्ने संस्कारमा परिवर्तन ल्याउनुपर्ने बताउनुभएको छ।

लोकतन्त्रमा राजनीतिक दलका आफ्ना मत र मतभेदसमेत रहने उल्लेख गर्दै उहाँले सामान्य बिमती हुने वित्तिकै संसद् नै अवरोध गर्ने रोग हटाउनुपर्ने बताउनुभयो। प्रधानमन्त्री दाहालले प्रमुख प्रतिपक्षले राजीनामा माग्दैमा दिनुपर्ने हो भन्दै प्रश्नसमेत गर्नुभयो। प्रतिनिधिसभाको आजको बैठकलाई सम्बोधन गर्दै उहाँले मतभेदका पनि आफ्ना सीमा र मर्यादा रहेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "मतभेदका पनि आफ्ना मर्यादा हुन्छ, आवेग र हतारमा टिप्पणी नगरौँ ।" दलगत स्वार्थको परम्परागत प्रदर्शनबाट जनता आजित भइसकेको कुरालाई नबिर्सन समेत उहाँले आग्रह गर्नुभयो । प्रधानमन्त्री दाहालले स्पष्टीकरणको मौका नदिई लगातार राजीनामा मागिनु संसदीय मर्यादाभित्र नरहेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "तीन दिनसम्म किन संसद् अवरुद्ध गरियो ? म सुरुदेखि स्पष्ट पार्न बसेको थिए। मलाई थाहा छैन किन संसद् अवरुद्ध गरियो ? राजीनामा नआएसम्म संसद् चल्न दिँदैन किन भनियो बुझ्न सकेको छैन ।" प्रतिपक्षलाई प्रश्न उठाउने हक भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "राजीनामा नदिएसम्म संसद् चल्न दिँदैनौँ किन भनियो ? के यही हो संसदीय अभ्यास ? प्रतिपक्षलाई हक छ म मान्छु। उहाँहरूले प्रश्न उठाउन सक्नहुन्छ । नैतिकताको प्रश्न उठाउन पाइन्छ।"

संसद्मा पटक पटक नैतिकताको विषय उठेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "नैतिकताका कसले देखायो, कसले देखाएन, म इतिहास हेर्न अनुरोध गर्दछु।" विगतमा आफूले दुई पटक नै नैतिकताको धरातलमा टेकेर राजीनामा दिएको उहाँले स्मरण गर्नुभयो । उहाँले कोही कसैले भनेकै आधारमा राजीनामा नदिने बरु आफ्नो अन्तरआत्माले भने एक मिनेट पनि पदमा नबस्ने स्पष्ट पार्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "तपाईंहरुले भनेकै आधारमा राजीनामा म दिन्न, तर मेरो अन्तरआत्माले भन्यो भने एक मिनेट पनि पदमा बस्दिन।"

उहाँले आफू प्रधानमन्त्रीको पदमा रहँदासम्म देश, जनताको पक्षमा काम गरेर देखाउने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले सरकार मिटर ब्याज पीडितको पक्षमा रहेको र यो विषय धेरै पहिल्यैदेखि उठेको बताउनुभयो । उहाँले परिवर्तनको रक्षा, सुशासन र शान्ति, बृहत्तर राष्ट्रिय हित र राष्ट्रियता एवं सार्वभौमसत्ताको विषयमा आफू प्रतिबद्ध रहेको र त्यसमा निष्ठावान रहेको दोहोर्याउनुभयो। उहाँले प्रितम सिंहका बारेमा लेखिएको पुस्तक विमोचनमा क्रममा व्यक्त भएका भाषाप्रति दुःख व्यक्त गनुभयो । सिंहको विषयमा लेखिएको पुस्तक विमोचनका कार्यक्रममा बोल्ने क्रममा आफूले छोरी ज्ञानु बेडमा सुतिरहेको सम्झिएको बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "यहाँहरु सबैलाई थाहा छ, म सेन्टिमेन्टल छु । यही त प्रचण्ड भयो अब गर्नुहुन्छ के ? थोरै भावनामा आएँ। मैले त्यो नभनेको भए हुन्थ्यो, तर मनमा आयो, मैले भनेँ।" प्रधानमन्त्रीको रुपमा आफूले त्यस्तो नबोल्नुपर्ने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले भन्नुभयो "म त्यो दिन प्रधानमन्त्री भएर बोलिन। म ज्ञानुको बुबा भएर बोल्न पुगेँ। त्यो सेन्टिमेन्ट सम्झिन पुगेँ। प्रितम सिंहको सदासयताको निम्ति धन्यवाद दिन पुगे।" उहाँले आफ्नो स्वभावजन्य भावुकताका लागि आत्म समीक्षा गरेको बताउनुभयो।

प्रधानमन्त्री प्रचण्डले आत्म समीक्षासँगै आफूका बारेमा प्रश्न उठाउनेमाथि पनि थप केही प्रश्न गर्नुभयो। "यसबीचमा प्रश्न उठाइयो, मलाई प्रधानमन्त्री कसले बनायो ? नेपालमा प्रधानमन्त्री कसले बनाउँछ भन्ने किसिमले प्रश्न उठ्यो । म यो प्रश्न उठ्दै गर्दा मभित्र धेरै कुरा खेले । मलाई प्रधानमन्त्री बनाउन लिखित रूपमा हस्ताक्षर गर्नेहरूबाटै यो प्रश्न आएको देख्दा म गम्भीर भएको छु", उहाँले भन्नुभयो।


पोखरा उद्योग वाणिज्य संघको

अत्यन्त जरुरी सूचना

**पोखरा उद्योग वाणिज्य संघ**को विधान -२०६५ (पहिलो संशोधन २०७२) परिच्छेद ४ को धारा ४.८.१ अनुसार संघको साधारण/औद्योगिक तथा कर्पोरेट एवं बस्तुगत सदस्यहरूले बुझाउनु पर्ने वार्षिक शुल्कको रकम प्रत्येक वर्षको चैत्र मसान्तभित्र बुझाउनुपर्ने व्यवस्था भए पनि चैत्र मसान्तभित्र सदस्यता नवीकरण गर्न छुट भएका सदस्य महानुभावहरूले विधानको धारा ४.८.२ अनुसार नवीकरण शुल्क बुझाउने म्याद समाप्त भएको ३ महिनाभित्र अर्थात् आषाढ मसान्तभित्र विलम्ब शुल्कसहित नवीकरण गर्न सकिने व्यवस्था रहेको छ । विधान अनुसार साधारण र औद्योगिक सदस्यको हकमा रू.५०।- एवं कर्पोरेट र बस्तुगत सदस्यको हकमा रू.१००।- विलम्ब शुल्क कायम गरिए पनि अर्थतन्त्रमा आएको सिथिलतालाई मध्यनजर गर्दै संघको कार्यसमितिको बैठकले विलम्ब शुल्क छुटको व्यवस्था गरेको जानकारी गराउंदै नवीकरण छुट भएका सदस्य महानुभावहरूलाई आषाढ मसान्तभित्र सदस्यता नवीकरणको लागि पुनः अनुरोध गर्दछौं । आषाढ मसान्तभित्र नवीकरण नभएका सदस्यहरूको सदस्यता विधानतः स्वतः खारेज हुने जानकारी पनि यसै सूचनाद्वारा जानकारी गराउँछौं ।

**बलराम आचार्य**
महासचिव


## आदिकविको ससुराली गाउँमा जन्मजयन्ती मनाइने


पोखरापत्र संवाददाता
पोखरा, २५ असार


राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको ससुराली गाउँ तनहुँको म्याग्दे गाउँपालिका-१ मानुङकोटमा २१०औँ जन्मजयन्ती मनाइने भएको छ।

भानु जयन्तीको अवसरमा यही असार २९ गते शुक्रबार आदिकविको ससुराली गाउँ मानुङमा साहित्यिक कार्यक्रम गर्न लागिएको हो । आदिकवि भानुभक्त आचार्यकी धर्मपत्नी


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पोखरा एयरपोर्टको पार्किङ शुल्क घटाउन पोउवा संघको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

पोखरा उद्योग वाणिज्य संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलभित्रको चर्को पार्किङ शुल्क घटाउन माग गरेको छ।

यसका साथै संघले आवागमनलाई असर नपर्ने गरी यात्रुलाई पुऱ्याउन जाँदा बिदाई र आगन्तुक/अथिति पाहुनालाई स्वागत गरी सवारीमा चढाउने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ । संघका अध्यक्ष पवनकुमार प्रजापतिसहितको प्रतिनिधिमण्डले नागरिक उड्डयनप्राधिकरण,पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल पोखराका निर्देशक विक्रम गौतमलाई ध्यानाकर्षण पत्र बुझाउँदै पुरानो विमानस्थलभन्दा झण्डै २१ गुणा



महँगो शुल्क कुनै पनि कोणबाट जायज नभएको जिकिर गरिएको छ।

अध्यक्ष प्रजापतिबाट हस्ताक्षरित ध्यानाकर्षण पत्रमा विमानस्थल निर्माणको सूत्रधार, अभियानकर्ता एवं उपभोक्ताको नाताले विमानस्थलसँग यस संघको गहिरो चासो जोडिएको उल्लेख गर्दै राष्ट्रिय गौरवको परियोजनाको रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रवाह हुने सेवा-सुविधाहरु साँच्चिकै अन्तर र्राष्ट्रिय स्तरकै हुनुपर्नेमा जोड दिइएको छ । सेवा प्रवाहबाटै विमानस्थलले उपभोक्ताको मन जित्नुपर्नेमा संघको जोड छ । 'विमानस्थलजस्तो संवेदनशील क्षेत्रमा व्यवस्थित पार्किङ अपरिहार्य हुन्छ नै,'ध्यानाकर्षण पत्रमा भनिएको छ,' यसो भनिरहँदा सो सेवा सस्तो,सुलभ एवं नागरिक मैत्री हुनैपर्छ ।यसका अलावा विमानस्थलबाट अन्तर र्राष्ट्रिय उडान प्रबन्धमा पनि हाम्रो उत्तिकै चासो रहेको व्यहोरा पनि यहाँलाई स्मरण गराउँछौं ।'

ध्यानाकर्षण पत्र बुझ्दै विमानस्थल प्रमुख विक्रम गौतमले पार्किङ शुल्क महँगो भएको स्वीकारे । उनले विमानस्थल प्रशासन यात्रु ल्याउने-लैजाने कार्यमा सहजीकरण गर्न तयार रहेको राजमार्गसम्म निशुल्क वा सशुल्क बस सेवा संचालन गर्ने तयारीमा रहेको बताए । अध्यक्ष प्रजापतिको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमावरिष्ठउपाध्यक्षगोकर्ण कार्की, महासचिव बलराम आचार्य,कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला र उपमहासचिव शोभा गौतम सहभागी थिए ।

# मातृभाषामा पठनपाठनका लागि बजेटमार्फत् सम्बोधन गरेका छौं : मन्त्री आले

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री जीतप्रकाश आलेले आदिवासी जनजातिको मातृभाषा संरक्षणका लागि प्रदेश सरकारले बजेटमार्फत् विशेष सम्बोधन गरेको बताउनुभएको छ।

नेपाल मगर संघ, माटेपानी इकाई समितिको २९ औं स्थापना दिवसका अवसरमा सोमबार पोखरामा आयोजित प्रथम शहीद लखन थापामगरको शालिक अनावरण तथा स्मारिका विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री आलेले स्थानीय तहसँग समन्वय गरेर मातृभाषामा पाठ्यक्रम निर्माण गर्न प्रदेश सरकारले बजेटमार्फत् विशेष सम्बोधन गरेको उल्लेख गर्नुभयो । मगर भाषाको संरक्षण गर्न समुदायले पनि विशेष चासो दिनुपर्ने उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई मातृभाषा बोल्न सिकाउन आवश्यक रहेकोमा जोड दिनुभयो।

एक अर्को प्रसंगमा उहाँले नेपालमा प्रजातन्त्र ल्याउन र जहाँनियाँ निरंकुश राणा शासनको अन्त्यका लागि प्रथम शहीद लखन थापामगरको शहादत महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । पोखरा



महानगरपालिका वडा नं. ११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्यले मगर जातिलगायतका विभिन्न जातजातिको भाषा, संस्कृति संरक्षणका लागि वडाले विशेष चासो दिएको बताउनुभयो।

कार्यक्रममा नेपाल मगर संघ, कास्कीका अध्यक्ष रामबहादुर थापामगर, नेपाल मगर महिला संघ, कास्कीकी अध्यक्ष नुनु रानामगर, नेपाल मगर सांस्कृतिक संघ, कास्कीकी अध्यक्ष सरिता सारूमगर, नेपाल मगर संघ, माटेपानी इकाई समितिका पूर्व अध्यक्षहरू डिलबहादुर श्रीसमगर, पूर्व प्रहरी नायब निरीक्षक चन्द्रप्रकाश थापामगर, मोतीश्वर थापामगर, संस्थापक उपाध्यक्ष भक्तबहादुर थापामगर, नेपाल मगर महिला संघ, माटेपानी इकाई समितिकी अध्यक्ष तुलसी थापामगर, मगर अगुवा पदमबहादुर पुनमगरलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

नेपाल मगर संघ, माटेपानी इकाई समितिका अध्यक्ष सुबेदार पूर्णबहादुर थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष नारायणसिंह मास्कीमगर र सचिव इञ्जिनियर बमबहादुर श्रीसमगरले पनि बोल्नुभएको थियो। कार्यक्रममा नेपाल मगर संघ, माटेपानी इकाई समिति र नेपाल मगर सांस्कृतिक संघ, कास्कीको तर्फबाट मौलिक कौरा नृत्य प्रस्तुत गरिएको थियो भने लोक तथा दोहोरी गायिका दिलु श्रीसमगरले सांगीतिक प्रस्तुती राखेकी थिइन्।

# गल्याङबाट चार लाख लिटर दूध निर्यात

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २५ असार

स्याङ्जाको गल्याङ नगरपालिकाभित्रबाट उत्पादित दूध आर्थिक वर्ष २०७९/८० को असार १५ गतेसम्म तीन लाख ९७ हजार चार सय दुई लिटर निर्यात भएको छ। नगरपालिकाले उत्पादनका आधारमा दूधमा प्रतिलिटर रू १५ अनुदान दिएपछि किसान दूध उत्पादनतर्फ आकर्षित भएका हुन्।

पालिकाले उत्पादका आधारमा किसानलाई अनुदान दिन थालेपछि पछिल्लो समय दूध उत्पादनमा वृद्धि भएको नगरपालिकाका पशुशाखा प्रमुख सुशील अर्यालले बताउनुभयो। उहाँका अनुसार पालिकाभित्र उत्पादित दूध बुटवलस्थित दुग्ध विकास संस्थान र पोखरास्थित सुजल डेरीमा निर्यात हुँदै आएको छ। नगरप्रमुख गुरुप्रसाद भट्टराईले 'उत्पादनका आधारमा अनुदान कार्यक्रम'अन्तर्गतनगरपालिका-१, २, ३, ६, ७, ८, ९ र ११ का सात सय १२ जना दुध उत्पादक किसानलाई रू ५९ लाख ६१ हजार २२ अनुदान वितरण गरिएको जानकारी दिनुभयो । उहाँले सहकारी, दूध सङ्कलन केन्द्र तथा फार्म गरी १९ वटा समूहमा आबद्ध किसानलाई प्रतिलिटर रू १५ का दरले खनुदान रकम वितरण गरिएको बताउनुभयो।

"कृषि र पशुपालनले देशको आर्थिक अवस्था सुधार गर्नसक्ने भएकाले यसमा प्राथमिकता दिएका छौँ", नगरप्रमुख भट्टराईले भन्नुभयो, "गल्याङमा कृषि तथा पशुपालनको सम्भावना राम्रो भएकाले दूधसँगै कृषि कार्यमा लागेका अरु किसानलाई पनि प्राथमिकता दिएर काम गरिहेका छौँ ।" नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले यस वर्ष फार्मतर्फ वडा नं १ खाडास्थित विन्ध्यवासिनी कृषि तथा पशुपक्षी फार्मले दुई हजार आठ सय ८२ लिटर दूध उत्पादन गरेर रू ४३ हजार दुई सय ३७ र वडा नं ११ जिमुवास्थित कालीगण्डकी दुग्ध उत्पादक सहकारीले ६१ हजार दुई सय ९६ लिटर दूध उत्पादन गरेर रू नौ लाख १९ हजार चार सय ४७ अनुदान पाएका जानकारी दिनुभयो । उहाँका अनुसार नगरपालिकाभित्र सबैभन्दा धेरै दूध उत्पादन गर्ने उक्त दुई फार्म र सहकारी हुन्।

विन्ध्यवासिनी कृषि तथा पशुपक्षी फार्मका सञ्चालक ईश्वर बस्यालले नगरपालिकाले प्रतिलिटर रू १५ का दरले दिँदै आएको अनुदानले आफूहरूलाई निक्कै राहत मिलेको बताउनुभयो । उहाँले पाँच वर्षदेखि भैँसी पाल्दै आएको जनाउँदै उहाँले यसरी अनुदा प्राप्त गर्दा थप उत्हास जगाएको बताउनुभयो।

"काम गर्ने किसानका लागि दिइएको अनुदान कार्यक्रम प्रभावकारी देखिएको छ", बस्यालले भन्नुभयो, "नगरपालिकाले दिँदै आएको निःशुल्क पशु उपचार तथा प्राविधिक सहयोग पाएको छु। दूधमा अझ रू पाँच/दश बढाइदिए राम्रो हुन्थ्यो।" उहाँले पशुपालनका क्रममा जटिल समस्याको सामाना गर्नु नपरे पनि दुई महिनायता 'लम्की स्कीन' रोगले दूध उत्पादन घटेको गुनासो गर्नुभयो । उहाँले दूध बिक्रीबाट २०७९ साउनदेखि २०८० असार १५ गतेसम्ममा रू छ लाख ४३ हजार आम्दानी गरेको जानकारी दिनुभयो।

वडा नं ११ जिमुवास्थित कालीगण्डकी दुग्ध उत्पादक सहकारीका अध्यक्ष ज्ञानप्रसाद अधिकारीले रू १५ अनुदान कार्यक्रम राम्रो भए पनि पछिल्लो समय देखा परेको रोगका कारण गाईपालनतर्फ रुचि घट्न थालेको बताउनुभयो । "गाईपालनमा धेरै समस्या आउने भएकाले भैँसी पालेर उत्पादनलाई दोब्बर बनाउने धेरै किसानको सोंच छ", उहाँले भन्नुभयो, "नगरपालिकाले तीन/तीन महिना किसानको गोठसम्मै पुगेर पशुस्वास्थ्य सचेतनासहित उपचार शिविर सञ्चालन गरिदिए आभारी हुनेछौँ।"

## आदिकविको...

चन्द्रकला खनाल आचार्यको नामबाट स्थापित 'आदिकवि भानुभक्त आचार्य/चन्द्रकला खनाल आचार्य स्मृति प्रतिष्ठान'ले भानुभक्तसँगै उनकी श्रीमतीको पनि स्मरण गर्दै साहित्यिक कार्यक्रम गर्न लागेको प्रतिष्ठानका सचिव रामहरि खनालले जानकारी दिनुभयो।

सो अवसरमा कविता वाचन, रामायण वाचनका साथै भानुभक्त र चन्द्रकलाको जीवनीबारे कार्यपत्र प्रस्तुत गरिनेछ । आदिकविको योगदानको महिमा चर्चा गर्दै गर्दा उनकी धर्मपत्नीको योगदानलाई पनि उपेक्षा गर्न नहुने भन्दै उनको सम्मानमा कार्यक्रम आयोजना गरिएको सामाजिक अभियन्ता देवीबहादुर बस्नेतले जानकारी दिनुभयो । आजसम्म भानुको मात्र स्मरण गर्दै आएको भन्दै उहाँले अब भानुसँगै श्रीमतीको पनि स्मरण गर्न आवश्यक छ भन्ने महसुस गरिएको उल्लेख गर्नुभयो। साथै मानुङको पर्यटकीय सम्भावनालाई उजागर गरी साहित्य र पर्यटनसँगै विकास गर्ने उद्देश्यले पनि अभियान थालिएको उहाँको भनाइ छ। मानुङकोट, दमौलीलाई पर्यटकीय गन्तव्यका रूपमा अगाडि बढाउन यो अभियान कोसेढुङ्गा सावित हुने बस्नेतले बताउनुभयो।

व्यासका अध्येता काशीनाथ न्यौपानेले आदिकविको नाम मानुङकोटसँग जोडिनु गर्वको विषय भएको बताउनुभयो । व्यास क्षेत्र विकास कोषका कार्यवाहक अध्यक्ष प्रेमप्रकाश भट्टराईले आदिकविकी पत्नीको योगदानको पनि उत्तिकै महिमा हुनुपर्ने बताउनुभयो।

# पोउवा संघको पहलमा नेपाल बैंक र व्यवसायीबीच सहमति

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

पोखरा उद्योग वाणिज्य संघले नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय तथा उसको स्वामित्वमा पोखरा ९ पृथ्वीचोकमा रहेको व्यावसायिक भवनको सटरमा व्यवसाय गर्दै आएका व्यवसायीहरुबीचको विवाद सहमतिमा टुंग्याएको छ।


बैंकको प्रादेशिक कार्यालय पोखराले त्यहाँका व्यवसायीहरुले सहमति अनुसारको भाडा नतिरेको दाबी गरेको थियो भने व्यवसायीहरुले कोभिड-१९ को समयमा घोषित भाडा छुटको निर्णय कार्यान्वयन नभएको गुनासो गर्दै आइरहेका थिए । विवाद बढ्दै जाँदा बैंकले भाडा असुलीको लागि कानूनी बाटो समात्दै ऋणीहरुको नाम संचारमाध्यममार्फत् सार्वजनिक गरेको थियो । बैंकले बक्यौता बुझाउने अन्तिम मिति यही असार २५ गते ११ बजेसम्मलाई तोकेपछि त्यहाँका व्यवसायीहरुले सहजीकरणको लागि पोखरा उद्योग वाणिज्य संघमा रहेको हेल्प डेक्समा लिखित आग्रह गरेका थिए। उता, बैंक व्यवस्थापन पनि सहजीकरणको लागि पोखरा उद्योग वाणिज्य संघको मध्यस्थता स्वीकार्दै वार्तामा बस्न राजी भएको थियो। संघका हेल्प डेस्क संयोजक गोकर्ण कार्कीका अनुसार समस्याको गाँठो फुकाउनकै लागि नेपाल बैंक लिमिटेडका सहायक कार्यकारी निर्देशक प्रकाशकुमार अधिकारी स्वयं पोखरा आएका थिए । पोखरा उद्योग वाण्ज्यि संघका अध्यक्ष पवनकुमार प्रजापति तथा महासचिव बलराम आचार्य, बैंकका सहायक कार्यकारी निर्देशक अधिकारी, गण्डकी प्रदेश प्रमुख सचिता पराजुली,उपप्रबन्धक ध्रुव पौडेल,वरिष्ठ सहायक चीरञ्जिवी अधिकारी र बजार व्यवस्थापक श्रीकला काफ्ले, व्यावसायिक भवनमा सटर भाडामा लिइ व्यवसाय गर्ने व्यवसायीहरुबीच भएको लामो छलफलपछि सहमतिको बाटो खुलेको हो । सहमति अनुसार व्यवसायीहरुले कोभिड १९ को अवधिमा दिने भनिएको छुटबाहेकको भाडा रकममध्येको न्यूनतम ५० प्रतिशत असार २६ गते र बाँकी असार ३१ गतेसम्म बुझाउने सहमति भयो । तर, यसमा २०७७ सालमा बढाइएको भाडा र त्यसमा लगाइएको जरिबाना समावेश नगर्न पनि बैंक र व्यवसायी राजी भएका छन् । यस्तै बैज्ञानिक भाडा दर कायम एबम् भाडा समायोजन सम्झौता अनूसार वृद्धि हुनुपर्ने भाडा दरमा लागेको जरिबाना मिनाहा गर्नको लागि पोखरा उद्योग वाणिज्य संघ,व्यवसायी र बैंकको पोखरा कार्यालयले केन्द्रीय कार्यालयमा लिखित अनुरोध पठाउने, म्याद समाप्त भएका व्यावसायिक फर्महरुको नवीकरणको अनुरोध गर्ने, कुनै पनि रकम भुक्तानी नगर्ने व्यावसायिक फर्महरुका सम्बन्धमा नियमानूसार कानूनी कारवाही अघि बढाउने, अन्य कुराको हकमा व्यवसायी र बैंकबीच २०७५ साउन १५ मा भएको सम्झौता अनुसार अगाडि बढ्ने सहमति भएको छ। सहमतिमा बैंकका प्रतिनिधि तथा व्यवसायी दुबैपक्षबाट हस्ताक्षर गरिएको जनाउँदै पोउवा संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले सहमति कार्यान्वयनमा सहजीकरणको लागि क्रियाशिल रहने बताए।


## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# प्रधानमन्त्री दाहालको आत्मसमीक्षा

प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले प्रतिनिधि सभा बैठकमा आफ्नो अभिव्यक्तिप्रति आत्मसमीक्षा (गल्ती स्वीकार) गरेका छन् । उनले भावुकतामा आएर उक्त अभिव्यक्ति दिएको बताएका छन् । प्रधानमन्त्री दाहालले असार १८ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा भारतीय नागरिक प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन सघाएको अभिव्यक्ति दिएका थिए। त्यसलाई लिएर एमालेले प्रधानमन्त्रीको राजीनामा माग गर्दै आएको थियो । जसले गर्दा संसद् अवरुद्ध भइरहेको थियो । अझ प्रधानमन्त्रीका प्रेस सल्लाहकार र गृहमन्त्री नारायण काजी श्रेष्ठका विज्ञप्ती र सामाजिक संजालमा लेखेका स्टाटसले दुरी बढाउने काम गरेको थियो ।

बोल्ने बेलामा हौसिएर पदीय मर्यादाको ख्याल नगर्ने नेपालका नेताहरुको बानी छ। नेपाली उखान बोल्न पाएँ भन्दैमा प्वाक्क नवोल्नु खान पाएँ भन्दैमा क्वाप्प नखानु भन्छन। दाहालको हकमा पनि सबै मर्यादा विर्सेर बोल्दा बोली पासो भएकै हो।त्यसबारे स्पष्टीकरण दिँदै आफ्नी छोरी ज्ञानुको क्यान्सरको उपचारका क्रममा प्रितम सिंहको घरमा बसेकाले पारिवारिक सम्बन्ध बनेको बताए। "त्यति वेला प्रितमले तपाईं प्रधानमन्त्री हुनुपर्छ। तपाईं प्रधानमन्त्री हुनुपर्ने मान्छे हो भनेर भारत र नेपालमा कुराकानी गर्दै आएको छु भनेका थिए," दाहालले प्रतिनिधि सभामा भने, "त्यति वेला धन्यवाद भनेको थिएँ। किताब विमोचनमा त्यही स्मरणमा आयो। बिरामी छोरीको उपचारमा सघाएको सम्झेर भावुक भएँ, प्रितमको त्यही भनाइ सुनाएको थिएँ ।"

पुरानो स्मरणले प्रितमको किताब विमोचनमा भावुक बनेको भन्दै सहानुभुति लिन खोजे। "प्रधानमन्त्रीको हैसियतले मैले त्यस्तो भाषा नबोल्नुपर्थ्यो, तर म ज्ञानुको बुवा भएर बोलें, प्रितमको सदाशयता सम्झेर बोलें," दाहालले भने, "प्रितमसँग प्रधानमन्त्री बनाउने सामर्थ्य पनि छैन । उनीसँग नेता वा प्रधानमन्त्रीको सम्बन्ध पनि छैन । कृतज्ञ बाबुको सम्बन्ध मात्र हो।" लामो स्पष्टिकरणमा दोहोर्याएका छन। हरेक विवादस्पद भनाईलाई ढाकछोप गर्दै आएका दाहाल यश पटक सच्याउन सक्ने अवस्थामा नभएपछि भावनात्क सम्बन्ध जोडेर विषयलाई अन्तै मोड्न खोजेका थिए। ढाँटेको काँटे मिल्दैन भन्ने अवस्था देखेपछि संसदमा गल्ती स्वीकार गरेर आईन्दा नदोहोर्याउने वाचा पनि गरेका छन ।

आफ्नो अभिव्यक्तिलाई लिएर संसद्‌मा भएको बहसले सचेत बनाएको भनेर "आत्मसमीक्षा गर्न चाहन्छु। यहाँ उठेको बहसले भविष्यमा सतर्क हुन सहयोग पुग्ने उल्लेख गरेका छन । भावुक हुने बानीले आफूलाई पटक पटक अप्ठ्यारोमा पार्दै आएको स्वीकार गर्दै"अबदेखि त बदल्छु भन्यो, बोल्न जाँदा आइहाल्छ। यो ६/७० वर्षको उमेरमा बानी बदल्न फलामको च्यूरा हुँदो रहेछ,"भन्दै फेरि पनि चिप्लिन सक्ने ठाउँ राखेका छन ।

आफूलाई बोल्ने मौका समेत नदिएर संसद् अवरुद्ध गरेकोमा र राजीनामा मागेकोमा प्रमुख प्रतिपक्षी दल एमालेसंग असन्तुष्टि पोखे।स्पष्टीकरणको मौका समेत नदिएर राजीनामा माग गरियो। मलाई संसद्‌मा आफ्ना कुरा राख्न दिइएन। यसमा गम्भीर ध्यानाकर्षण भएको भनी सभामुख र एमालेप्रति गुनासो रहेको बुझ्न सकिन्छ। स्पष्टिकरण दिँदा आफ्ना भनाइ सविस्तार राखेर विगतमा प्रतिपक्षी लगाएका आरोपप्रति घुमाउरो तरिकाले फिर्ता लिएका छन। प्रतिपक्षीप्रति दुरी नबढाउने विश्वास दिलाउन खोजेका छन। विपक्षी एमाले ,रास्वपा र राप्रपा र सत्तारुढ दलहरुका बीचमा संसदलाई सूचारु गर्न र महत्वपूर्ण विधेयक पारित गर्न मिलेर जान सकिने भनाई व्यवहारमा देखाउन सक्नुपर्छ ।

# पहिरोको उच्च जोखिम : स्थानीय घर छोड्न बाध्य

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ असार

गतवर्ष भदौमा रामतोला बस्ती नजिकै ठूलो पहिरो गयो । पहिरोले सिङ्गो गाउँनै जोखिममा पर्यो । स्थानीय बासस्थान छोडेर अन्यत्र जान बाध्य भए । बर्खा सकिएपछि पहिरोको जोखिममा रहेकै घरमा उनीहरु फर्किए ।

यस वर्ष पनि बर्खा सुरु भएपछि बागलुङ नगरपालिका–११ रायडाँडाको तल्लो रामतोलाका स्थानीय बासस्थान छोडेर अन्यत्र आश्रय लिन पुगेका छन् । गाउँमाथिको पहाड खसेपछि जोखिममा परेको रामतोला बस्तीमा यस वर्ष वर्षा लागेसँगै पहिरो झर्न थालेको छ । पहिरो झर्न थालेपछि स्थानीयलाई कसरी ज्यान जोगाउने चिन्ता बढेको स्थानीय कुलराज शर्माले बताउनुभयो । उहाँका अनुसार स्थानीय रातभर जागराम बस्ने गरेका छन् ।

यहाँका आठ घर उच्च जोखिममा छन् भने अन्य सात घर पनि पहिरोको जोखिममा छन् । यसअघिका पहिराले गाउँमा भएका दुई वटा खानेपानीको ट्याङ्कीसमेत बगाउँदा खानेपानीको समस्या थियो । "केही समय खानेपानीको व्यवस्थापन भए पनि अहिले फेरि उस्तै जोखिम परेको छ । घर, गोठ र जग्गा जमिन पहिराको उच्च जोखिममा परेपछि गाउँका केही स्थानीय बर्खाभरिका लागि गाउँ छोड्न बाध्य भएका छन्", शर्माले भन्नुभयो । हिउँदको समय घरमै जसोतसो बसे पनि बर्खामा निकै त्रास हुने उहाँको भनाइ थियो । उहाँले हिउँदभरी आफ्नै घरमा बसेको सुनाउँदै असार लाग्नासाथ अरुको घरमा बस्न थालेको बताउनुभयो । अहिले पनि वस्तुभाउ जोखिमपूर्ण अवस्थामा रहेको गोठमा बाँधेको भन्दै आफ्नो परिवार स्थानीय तोयनाथ पौडेलको घरमा बस्दै आएको शर्माले जानकारी दिनुभयो ।

बर्खा लागेर पहिरो झर्न थालेपछि ज्यान बचाउन स्थानीय ढालनाथ पौडेल चितवन र तुलबहादुर नेपाली जैमिनीको कुश्मिसेरा बस्न थालेको बताउनुहुन्छ । पौडेल र नेपालीको अघिल्लो वर्षमा गएको पहिराले घर गोठमा क्षति पुगेको थियो । "पोहोर साल पहिरोले भएभरको बारी बगायो । घर, गोठ र शौचालय पनि उच्च जोखिममा छन्, अहिले अरुको घरमा बसेका छौं", शर्माले भन्नुभयो, "उनीहरु आएर घर खाली गर्न भने कहाँ जाने, के गर्ने ?, भएको थोरै बारीमा काम गरेर परिवार चलाएको छु । बारी पनि यस वर्ष बगाउँछ जस्तो छ । गाउँ छोडेर अन्यत्र जाउँ भने जान सक्ने अवस्था छैन, निकै समस्यामा परेका छौँ ।" चार जनाको परिवारसहित अरुको घरमा बस्दा धेरै समस्या भोग्नु परेको उहाँको भनाइ थियो ।

पहिरोले तहसनहस हुँदा बागलुङ नगरपालिकाले रू २५ हजार र रेडक्रसले एउटा त्रिपाल दिएको भन्दै शर्माले अन्य निकायबाट कुनै पनि सहयोग नपाएको गुनासो पोख्नुभयो । उहाँका अनुसार गतवर्ष भासिएको ठाउँमा अहिले पनि पहिरो जानुका साथै जमिन भासिरहेको छ । सोही गाउँका वीरबहादुर क्षेत्रीले पनि आफ्नो पाँच जनाको परिवारसहित आफन्तकोमा आश्रय लिनुभएको छ ।

गत वर्षको पहिरोले क्षेत्रीको खेतबारी बगाइ दिएको थियो । घर पनि उच्च जोखिममा हुँदा स्थानीय चन्द्रबहादुर केसीको घरमा बस्दै आएको उहाँले बताउनुभयो । गतवर्ष बर्खा रोकिएपछि जेठसम्म आफ्नै घरमा बसेको भन्दै असार दोस्रो सातादेखि आफन्तकोमा बस्दै आएको उहाँले सुनाउनुभयो । "यहाँ यति ठूलो पहिरो जान्छ, यति ठूलो क्षति पुर्याउँछ भन्ने सोचेका पनि थिएनौं, तर एक्कासि पहिरो गयो, धन्नै घरसहित हामीलाई बगाएन, ज्यान बाँच्यो," क्षेत्रीले भन्नुभयो, "अहिले पनि पोहोरको जस्तै पहिरो गयो भने यो गाउँ रहँदैन । बर्खा सुरु भएसँगै माथिको पहाड झर्न थालेको छ, यो पहाड झर्यो भने हाम्रो गाउँसहित यहाँभन्दा तल रहेका धेरै गाउँहरु बगाउँछ ।"

# बागलुङमा 'सुत्केरी पोषिलो खर्च'

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ असार

जिल्लाका एक हजार ३४ जना सुत्केरीले 'सुत्केरी पोषिलो खर्च' पाएका छन् । स्वास्थ्य कार्यालय बागलुङले चालु आर्थिक वर्षमा यहाँका स्थानीय तहसँगको समन्वयमा ती महिलालाई 'सुत्केरी पोषिलो खर्च' उपलब्ध गराएको हो ।

सुत्केरी आमा पोषिलो खाना कार्यक्रमअन्तर्गत सुत्केरी भएको दिनदेखि ४५ दिनसम्म दैनिक रु दुईका दरले प्रतिमहिला रु नौ हजार सरकारले उपलब्ध गराउँदै आएको छ । आमा र शिशुलाई पोषणको कमी हुन नदिनका लागि विभिन्न कार्यक्रममार्फत सचेतना जगाउने र खर्च उपलब्ध गराउने गरिएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माले बताउनुभयो । स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराउने, स्वास्थ्य संस्थामै सुत्केरी हुनेलाई यो कार्यक्रममा सहभागी गराइएको हो ।

नियमित खोप र स्वास्थ्य परीक्षण गराउन गर्भवतीलाई प्रोत्साहन गर्न पोषण भत्ता कार्यक्रम प्रभावकारी भएको उहाँको दाबी थियो । गर्भवतीले टिटानस र धनुष्टङ्कार रोगविरुद्धको डिटी खोप लगाउनुपर्छ । खोप लगाएको र नियमित परीक्षण गराउन स्वास्थ्य कार्यालयले प्रोत्साहित गर्ने गरेको छ । स्वस्थ शिशु जन्माउने र मातृ मृत्युदर घटाउने नीतिअनुरुप गर्भवतीलाई पोषण उपलब्ध गराइएको शर्माले बताउनुभयो ।

हालसम्म चालु आवमा बागलुङभरका एक हजार ३४ सुत्केरी महिलाले "सुत्केरी पोषिलो खर्च'बापत रु ९३ लाख छ हजार पाएका छन् । 'पोषणसँग सम्बन्धित धेरै काम हामीले गरेका छौँ",उहाँले भन्नुभयो, "कुपोषण व्यवस्थापन, पोषण पैरवी, कुपोषित बालबालिकाको खोजीलगायतका कार्यक्रम सञ्चालन गरेका छौँ ।" कार्यालयले पोषण शिविरमार्फत तीन सय ५० जनाको परीक्षण गरेको थियो । तीमध्ये छ जना शीघ्र कुपोषण र मध्यम कुपोषण ३९ जना पत्ता लागेको शर्माले बताउनुभयो । उनीहरूको उपचारका लागि धौलागिरि अस्पताल बागलुङ र गण्डकी प्रदेश सरकार मातहतका विभिन्न अस्पतालमा जान भनिएको थियो ।

पाँच वर्षमुनिका बालबालिका कुपोषणको जोखिममा हुने भन्दै जिल्लाका आठ स्थानीय तहमा कार्यालयले पोषण अवस्थाको विषयमा सर्वेक्षणसमेत गरेको थियो । सर्वेक्षणमा दुई सय ८७ बालबालिका सहभागी भएका थिए । उनीहरूमध्ये कुपोषित बालबालिका धेरै भएका दुई स्थानीय तहमा पोषण शिविर सञ्चालन गरेर तीन सय ५० बालबालिकालाई सेवा दिइएको कार्यालयको तथ्याङ्क छ ।

# ढिकी, जाँतोको संरक्षण गर्दै आमा समूह

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ कलेजाबाडस्थित महतारे आमा समूहले परम्परागत ढिकी, जाँतोको संरक्षण गरेका छन् ।

परम्परागतरुपमा कुटानी र पिसानीको लागि प्रयोग हुँदै आएका ढिकी, जाँतो हराएर जाने अवस्था आएपछि सामुदायिक भवन नै बनाएर संरक्षण गरिएको आमा समूहका अध्यक्ष सन्तु भण्डारीले जानकारी दिनुभयो । विद्युतको पहुँच नहुँदा स्थानीयले कुटानीपिसानीका लागि जाँतो र ढिकीको प्रयोग गर्ने भए पनि अहिले हराएर जाने अवस्था आएपछि परम्परागत कुटानीपिसानीका साधनलाई संरक्षण गरिएको उहाँले बताउनुभयो । "घरायसी प्रयोजनका लागि आधुनिक मिलमा नै कुटानीपिसानी गर्ने प्रचलन छ, पूजाआजा हुँदा भने सामुदायिक भवनकै ढिकी र जाँतोमा कुटानीपिसानी गर्छौं, परम्परागत जीवनशैलीबारे नयाँ पुस्तालाई जानकारी गराउन पनि यसलाई संरक्षण गरेका हौं", उहाँले भन्नुभयो । आमा समूहले गण्डकी प्रदेश सरकार र रघुगङ्गा गाउँपालिकाकोसहयोगमाभवनसँगै खेल मैदानसमेत निर्माण गरेका छन् । खेल मैदान निर्माण भएपछि महतारे, कोसेपानीलगायतका बस्तीका बालबालिकालाई खेल खेल्नका लागि सहज भएको छ ।

गण्डकी प्रदेश सरकारमार्फत भौतिक पूर्वाधार विकास कार्यालयमार्फत रु चार लाख ५० हजार र गाउँपालिकामार्फत रु पाँच लाख ३४ हजार बजेटबाट आमा समूहको भवन र खेलमैदान निर्माणसँगै घेराबारसमेत निर्माण गरेका छन् । नवनिर्मित भवनको एउटा कोठामा ढिकी र जाँतोलाई राखिएको छ भने अर्को कोठालाई समूहको बैठक कक्ष बनाइएको छ ।

भवन निर्माण भएपछि समूहको बैठक बस्न व्यक्तिको घर, आँगन र खुला चौतारीमा बस्नुपर्ने बाध्यता हटेको आमा समूहका सचिव राधिका खत्रीले जानकारी दिनुभयो । भवन, खेलमैदान र घेराबार गर्न आमा समूहले समेत नगद रु करिब ५० हजार लगानी गरेका छन भने जनश्रमदानसमेत गरेका छन् ।

# दमौलीमा 'सिटिस्क्यान' सेवा

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ असार

तनहुँको सदरमुकाम दमौलीमा आजदेखि सिटिस्क्यान सेवा सुरु गरिएको छ । व्यास नगरपालिका–२ गणेशमान चोकस्थित 'सिटिस्क्यान एण्ड डाइनोष्टिक सेन्टर प्रालि' ले उक्त सेवा प्रारम्भ गरेको हो ।

जिल्लामै पहिलो पटक निजी स्वास्थ्य सेवा प्रदायक संस्थाको संयुक्त लगानीमा सिटिस्क्यान मेसिन ल्याएर सेवा दिन थालिएको हो । उक्त 'सिटिस्क्यान एण्ड डाइनोष्टिक सेन्टर प्रालि'को व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले उद्‌घाटन गर्नुभयो । सो अवसरमा सिटिस्क्यान सेवा सञ्चालन भएसँगै सिटिस्क्यानका लागि टाढा जानुपर्ने बाध्यता अन्त्य भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, सिटिस्क्यान एण्ड डाइनोष्टिक सेन्टर प्रालिका सञ्चालक पूर्णसिंह थापालगायत वक्ताले स्थानीयस्तरमा मेसिन जडान भई सेवा दिन थालेपछि उपचारका लागि खर्च गरेर टाढा जानुपर्ने बाध्यता अन्त्य भएको बताउनुभयो । सिटिस्क्यान सेवा सञ्चालनका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता भएको प्रमाणपत्र प्राप्त भइसकेको सञ्चालक समितिका अध्यक्ष चूडामणि दाहालले जानकारी दिनुभयो । जिल्लाका एघार स्वास्थ्यकर्मीको संयुक्त लगानीमा मेसिन खरिद गरी पोखराकोभन्दा सस्तो, सुलभ र गुणस्तरीय सेवा दिने योजना बनाइएको उहाँले बताउनुभयो । उहाँकाअनुसारमेसिनरूएककरोडमा खरिद गरिएको हो । सिटिस्क्यान सेवा सञ्चालन गर्न निजी स्वास्थ्य संस्थाका चूडामणि दाहाल, राजु दाहाल, ताराप्रसाद श्रेष्ठ, डा सुशील मिश्र, डा विश्वद्वीप तिमल्सिना, डा प्रदेश घिमिरे, श्यामकृष्ण श्रेष्ठ, रामचन्द्र अधिकारी, सीमा बराल, पूर्णसिंह थापा, रुविना खानको लगानी रहेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यासित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाव | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## सूची दर्ता गर्ने बारेको सूचना

(सूचना प्रकाशित मिति २०८० आषाढ २६ गते)

यस वित्तीय संस्थाको लागि आ.व. २०८०/८१ मा आवश्यक पर्ने तपसिल बमोजिमका सेवा तथा वस्तुहरु सरल तथा सुपथ मूल्यमा सप्लाई गर्न एवम् सानातिना निर्माण तथा मर्मत कार्य गर्ने इजाजतपत्रप्राप्त ईच्छुक रजिष्टर्ड फर्म, कम्पनी, उद्योगी तथा व्यापारीहरुले फर्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता (भ्याट) प्रमाण पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ **दिनभित्र** यस संस्थाको केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा सूची दर्ता गर्नु हुन सूचित गरिन्छ ।

**तपसिलः**

१. छपाई सम्बन्धी कार्य, फ्लेक्स प्रिन्ट छपाई ।
२. स्टेशनरी मसलन्द सामानहरु आपूर्ति ।
३. काठको फर्निचर, अफिस फर्निचर तथा मेटल फर्निचर ।
४. कम्प्युटर, एसेसरिज, ईर्न्भटर, कार्यालय उपकरण, फोटोकपि, मर्मत संभार तथा सोको पार्ट पूर्जा ।
५. यु.पि.एस., टेलिफोन, सि.सि.टि.भि., Fire Extinguisher (आगो निभाउने), फायर अलार्म, ईन्टरनेट सेवा, सोलार ईर्न्भटर सप्लाई तथा जडान सम्बन्धी कार्य ।
६. सवारी साधन (जिप, मोटर साइकल) फर्निचर आदिको मर्मत सम्बन्धी कार्य ।
७. ईलेक्ट्रिक सामानहरु सप्लाई तथा मर्मत सम्बन्धी कार्य ।
८. विज्ञापन सेवा ।
९. पिउने पानी (मिनरल वाटर) आपूर्ति, टि–शर्ट, व्याग आपूर्ति ।
१०. किचन तथा बाथरुम सम्बन्धी सामग्री आपूर्ति, ईन्धन आपूर्ति सेवा आदि ।

*(नोटः विक्रेता वा आपूर्तिकर्ताहरु (फर्म/कम्पनी)लाई सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।)*

**सबैको लघुवित्त वित्तीय संस्था लि.**
**Sabaiko Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : बन्दीपुर–१, डुम्रे, तनहुँ, फोनः ०६५–५८०४०७, ५८०४२७
Email : info@sabaikolaghubitta.com, Website : www.sabaikolaghubitta.com



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/२६

यस कार्यालयबाट मिति २०७७/०९/२३ मा कास्की जिल्ला मादी गाउँपालिका ०४ कास्कीमा संचालन गर्ने गरि पोखरा ३० कास्की निवासी गंगा पौडेलको नाममा दर्ता भएको उद्योग दर्ता नं. १८७७४/०७७/०७८(२४६९) को रातो भाले एग्रो फार्म नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/२४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# अचार बिक्रीबाट वार्षिक पाँचलाख आम्दानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा २५ असार

स्याङ्जाको गल्याङ नगरपालिका-३, आदर्श टोल निवासी ४४ वर्षीया माया पाठकले तालिमलाई सदुपयोग गरेर आत्मनिर्भर बन्नुभएको छ। उहाँले महिला बहुउद्देश्य सहकारी संस्था लिमिटेडद्वारा २०७७ सालमा प्रदान गरेको एक हप्ते अचार बनाउने तालिम लिनुभएको थियो । उहाँ आत्मनिर्भर मात्र बन्नुभएको छैन प्रशिक्षकका रुपमा विभिन्न ठाउँमा महिलालाई अचार बनाउने तालिमसमेत दिँदै आउनुभएको छ।

तालिम लिएपछि उहाँले पाठक अचार उद्योग दर्ता गरेर व्यावसायिक रुपमा अचार बनाउन थाल्नुभयो । उहाँले रु ६० हजारबाट सुरु गरेको अचार उद्योगकको लगानी हाल पाँच लाख पुगेको बताउनुभयो। चुलोचौकोमा सीमित पाठकको दैनिकी अचार उद्योग सञ्चालनपश्चात् फेरिएको छ । उहाँ बिहान सबेरै उठ्नुहुन्छ । अचारका लागि विभिन्न कच्चापदार्थ चक्कुको सहायताले टुक्रा पार्नुहुन्छ । मसला र तेलमा कच्चा पदार्थ राम्ररी मोल्नुहुन्छ । दिउँसोपख छोरी बुहारीको सहयोग लिएर मोलेर राखेको अचार बट्टामा खाद्नुहुन्छ । कसैले अचार खाँद्ने, कसैले सिल्लर गर्ने, कसैले स्टिकर टाँस्ने, कसैले प्लास्टिकले लेप गर्ने यो उहाँहरूको दैनिकी हो।

"उद्योग सञ्चालनपश्चात् कोरोना कोरोनाको मारमा परियो, बिक्रीका लागि ठिक्क पारेका अचार स्टोरमै थन्काउनुपर्ने भयो", मायाले भन्नुभयो, "व्यवसाय छोडौँ कि निरन्तरता दिउँ भन्ने दोधार मनका बीच व्यवसायलाई यहाँसम्म ल्याएकी छु, अहिले राम्रो हुँदै गएको छ ।" उहाँले आफूले उत्पादन गरेको अचारबाट वार्षिक रु साढे दुईदेखि पाँच लाख आम्दानी गर्ने गरेको बताउनुभयो। "भान्साको गहनाका रुपमा लिइने अचार सबै स्वस्थ व्यक्तिका लागि लोकप्रिय छ", उहाँले भन्नुभयो, "अचार गुणस्तरीय र स्वादिलो भए पनि ठूलो परिणाममा उत्पादन गर्दा बजारीकरणमा समस्या छ ।" उहाँले बजारीकरणको राम्रो व्यवस्था भए अझै दुईचार जनालाई रोजगार दिन सक्ने दाबी गर्नुभयो।

उहाँको उद्योगको अचार गल्याङ, वालिङ, पाल्पा बुटवललगायतका स्थानमा थोक तथा खुद्रा बिक्री हुने गरेको छ । उद्योगमा लप्सी, अमला, गुन्द्रुकभट्ट, अकबरे खुर्सानी, डल्ले खुर्सानी, हरियो र सुकेका खुर्सानी, तामा, कागती, लसुन, आँप, मिक्स, गाँजर मुलालगायतका अचार उत्पादन हुने गरेका छन्। यहाँ उत्पादितमध्ये लप्सी, लसुन, अकबरे खुर्सानी र कटहरको अचार अत्यधिक लोकप्रिय छन्।

"घरेलु तथा साना उद्योग कार्यालय स्याङ्जाबाट सिल्लर मेसिन पाएपछि अचार सुरक्षित गर्न सजिलो भएको छ", मायाले भन्नुभयो, "ड्राइ मेसिनका लागि विभिन्न ठाउँमा निवेदन दिए तर पनि पाउँन सकेकी छैन, ड्राइ मेसिनको अभावमा बर्खामा अचार सुकाउन समस्या भएको छ।"

पाठकको श्रीमान् खेमानन्द रोजगारको सिलसिलामा भारतमा हुनुहुन्छ भने एक छोरा सुरज वैदेशिक रोजगारमा जानुभएको छ। उहाँलाई बुहारी आरती र छोरी पूजाले अचार बनाउने काममा दैनिक साथ दिँदै आउनुभएको छ। गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले सीपमूलक तालिम सिकेर आत्मनिर्भर बनेका महिलालाई नगरपालिकाले प्रोत्साहनका योजना ल्याएको बताउनुभयो । "नगरपालिकाले नयाँ आर्थिक वर्षमा धेरैभन्दा धेरै स्वरोजगार उत्पादन गर्ने लक्ष्य राखेको छ", उहाँले भन्नुभयो, "परम्परागत पेसा, अस्तकला, महिलाको सीपलाई विशेष प्राथमिकताका साथ नगर अगाडि बढ्ने योजनामा छ।"

# सोसल पब्लिकद्वारा आयोजित प्रथम एसइई फुटसल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार



पोखरा १० बुद्धचोक स्थित सोसल पब्लिक स्कूलद्वारा आयोजित प्रथम एसइई फुटसल प्रतियोगिता सम्पन्न भएको छ।

२०७९ सालको एसइई दिएर बसेका विद्यार्थीहरुलाई लक्षित गरी आयोजित प्रतियोगिता आयोजकले नै जितेको छ । सोमबार पोखरामा भएको फाइनल खेलमा प्रतियोगिताको आयोजक सोसल पब्लिकले वेलनन एकेडेमी सम्मिलित टिमलाई ४-० गोलले पराजित गर्दै उपाधि जितेको हो।

उपाधिसँगै सोसल पब्लिकले नगद २० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र तथा उपविजेता वेलननले नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र हात पार्न सफल भयो। प्रतियोगितामा विजेता खेलाडी तथा टिमलाई प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, विद्यालयका संस्थापक प्रबन्ध निर्देशक खिम गुरुङ, विद्यालयका प्रिन्सिपल शिदार्थ शर्मालगायतले नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । सोसल पब्लिकमा बाल कक्षा देखि १२ कक्षा सम्म अध्ययन अध्यापन हुँदै आएको छ। सो विद्यालयमा कक्षा ११-१२ अन्तर्गत होटल म्यानेजमेन्ट र कम्प्यूटर साइन्स विषयमा अध्ययन अध्यापन हुँदै आएको विद्यालयका संस्थापक प्रबन्ध निर्देशक गुरुङले जानकारी दिए।

# गोरखाका पाँच स्थानीय तहद्वारा बजेट स्वीकृत

**पोखरापत्र संवाददाता**
गोरखा, २५ असार

गोरखा जिल्लाभित्रका पाँच स्थानीयको आगामी आर्थिक वर्ष २०८०/०८१ बजेट स्वीकृत भएको छ।

जिल्लाको बारपाक सुलिकोट, अजिरकोट, भीमसेन थापा, सिरानचोक र सहिद लखन गाउँपालिकाको आगामी आवको बजेट पारित भएको हो । बारपाक सुलिकोटले आगामी आव २०८०/०८१ का लागि कूल रु ६० करोड ३९ लाख ६९ हजार बराबरको बजेट गाउँसभाबाट स्वीकृत गरिसकेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो। त्यस्तै सहिद लखनले रु ६३ करोड २० लाख १० हजार बराबरको बजेट गाउँसभाबाट स्वीकृत गरेको छ भने सिरानचोकले असार रु ७९ करोड ८४ लाख ५५ हजार ६ सय रुपैयाँ बराबरको बजेट घोषणा गरी पारित गरेको गाउँपालिकाले जनाएको छ । जिल्लाको अजिरकोटले आगामी आवका लागि रु ४९ करोड ३४ लाख ९३ हजार बराबरको बजेट पारित गरेको गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले जानकारी दिनुभयो । भीमसेन थापाले रु ५५ करोड ८४ लाख ३० हजार चार सयको बजेट ल्याएको छ।

सो गाउँपालिकाले यही असार १० गते नीति तथा कार्यक्रम र बजेट एकैदिन गाउँसभाबाट स्वीकृत गरेको गाउँपालिका अध्यक्ष लोकप्रसाद बञ्जरा (अक्कल) ले जानकारी दिनुभयो।

पाँचवटै स्थानीय तहहरूले असार १० गतेभित्रै आगामी आवको बजेट नीति तथा कार्यक्रम पारित गरेका हुन् । जिल्लाको ११ स्थानीय तहमध्ये छ स्थानीय तहरूको बजेट भने स्वीकृत गर्न बाँकी रहेको छ । गोरखा र पालुङटार नगरपालिका, आरुघाट, चुमनुब्री, धार्चे र गण्डकी गाउँपालिकाको बजेट पारित हुन बाँकी रहेको हो । गोरखाले आवका लागि कूल रु एक अर्ब ३२ लाख ६५ हजारको बजेट नगरसभामा पेश गरेको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो। त्यस्तै पालुङटार नगरपालिकाले रु ८३ करोड ८७ लाख २५ हजार, आरुघाटले रु ५८ करोड १६ लाख १७ हजार सात सयको बजेट गाउँसभामा पेश गरेको छ। उत्तरी गोरखाको चुमनुब्रीले पनि आगामी आवको बजेट स्वीकृत हुन बाँकी रहेको जनाएको छ। आजदेखि सुरु हुने गाउँसभाले आगामी आवको बजेट पारित गर्ने तयारी भइरहेको गाउँपालिका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो। धार्चेले रु ४८ करोड ९१ हजार पाँच सय बराबरको बजेट ल्याएको छ भने गण्डकी गाउँपालिकाले रु ६१ करोड ७२ लाख बजेट गाउँसभामा पेश गरेको छ । गाउँसभाबाट बजेट पारित हुन बाँकी रहेका सबै स्थानीय तहहरूले असारभित्रै बजेट स्वीकृत भइसक्ने जनाएका छन्।

# बिरुवा लिन सर्वसाधारणको भीड

**पोखरापत्र संवाददाता**
दमौली २५ असार

केही दिनयता डिभिजन वन कार्यालय तनहुँमा सर्वसाधारणको भीडभाड छ । कार्यालयले बिहीबारदेखि निःशुल्करुपमा बिरुवा वितरण गर्न सुरु गरेपछि हरेक दिन कार्यालयमा बिरुवा लिनका सर्वसाधारणको भीडभाड बढेको हो।

बिहीबार, शुक्रबार र आइतबार कार्यालय परिसरमा नाम दर्ता गराउँदै सर्वसाधारण मागअनुसारको बिरुवा लगिरहेका छन्।शुक्लागण्डकीदेखिआइपुग्नुभएका खानेपानीका कर्मचारी बालकुमार वाग्लेले खैरेनीटार खानेपानीको मुहान संरक्षणका लागि वृक्षरोपण गर्न बिरुवा लगेको बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यालयले बिरुवा बाँड्ने सूचना गरेपछि बिहानै आएर बिरुवा लगेँ, कार्यालयबाट प्राप्त बिरुवा खानेपानीको मुहान संरक्षणका लागि वृक्षरोपण गर्छौं ।" व्यास नगरपालिका-९ का बडहरेका सुरेश आचार्यले बाखाका लागि डाले घाँस लिन आएको बताउनुभयो। आचार्यले केही समयदेखि बाखापालन गर्दै आउनुभएको छ। उहाँले भन्नुभयो, "डाले घाँस लगेर आफ्नै बारीमा रोप्छु।" कार्यालयले प्रत्येक वर्षझैं यस वर्ष निःशुल्करुपमा बिरुवा वितरण सुरु गरेको डिभिजन वन अधिकृत कोमलराज काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार एक लाख आठ हजार बिरुवा निःशुल्क वितरण गरिँदैछ । बिरुवा लिनका लागि सर्वसाधारणको उल्लेख्य सहभागिता रहेकाले केही दिनमै सबै बिरुवा वितरण गरेर सकिने उहाँको भनाइ छ। कार्यालयमा विशेष गरी डाले घाँस र सौन्दर्यवर्द्धक बिरुवा लिन आउने सर्वसाधारण बढी रहेको उहाँले बताउनुभयो। बिरुवा लैजानेको ठेगाना र सम्पर्क नम्बर प्रविष्ट गरेपछि मात्रै बिरुवा वितरण गरिएको छ । यसले गर्दा बिरुवाको संरक्षण भएको छ की छैन भन्ने अनुगमन गर्न सजिलो हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "बिरुवा लगेर मात्र हुँदैन, यसको संरक्षण मुख्य कुरा भएकाले यो विषयमा बिरुवा लैजानेलाई प्रष्ट भनेका छौं।" डिभिजन वन कार्यालयको नर्सरीमा मात्रै ७० हजार बिरुवा उत्पादन भएको छ । जिल्लाका विभिन्न स्थानबाट बिरुवा लिनका लागि कृषक कार्यालयमा आउँछन् । पशुपालनमा सक्रिय कृषक डाले घाँसका लागि बिरुवा लिन आउने गरेको सहायक वन अधिकृत काशीराज पण्डितले बताउनुभयो। कार्यालयको नर्सर िसहित सव डिभिजन ऋषिङ, विमलनगर, शुक्लागण्डकी र ब्यासमा बिरुवा उत्पादन हुन्छ । कार्यालयबाट तेजपात, बेल, टिमुर, अशोका, कमपुर, म्याङ्गो स्टिक, अम्बा, सीपलिगान, राजवृक्ष, पारिजात, शीतलचिनी, बडहर, इपिल, लप्सी, अमला, चाप, निमारो, कटहरे, जामुन, कल्की, हर्रो, बर्रो, सिरिष प्रजातिका बिरुवा वितरण गरिनेछ । कार्यालयले जिल्लाका विभिन्न सामुदायिक तथा निजी वनमा वृक्षरोपणका लागि समेत बिरुवा वितरण गर्ने गरेको छ । जिल्लालाई हरियाली बनाउन र वन हराभरा बनाउन बिरुवा वितरणलाई अभियानकै रुपमा अगाडि बढाइएको डिभिजन वन कार्यालयले जनाएको छ।

तनहुँ बिरुवा उत्पादनको हबको रुपमा विकास भइरहेको छ । गण्डकी प्रदेशका एघार जिल्लामा रहेका डिभिजन वन कार्यालयमध्ये तनहुँले सबैभन्दा बढी बिरुवा उत्पादन गरेर पुरस्कृतसमेत भइसकेको छ। जिल्लाको कूल क्षेत्रफलमध्ये करिब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ। जिल्लाभर छ सय १६ सामुदायिक वन र चार सय ४८५ कबुलियती वन रहेको छ।

# जलजला आलुको बीउमा आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
पर्वत २५ असार

वर्षौं पहिलेसम्म पर्वतका विभिन्न स्थानमा आलु खेतीका लागि क्याङ, लेस्पार, बर्नौं, लगायतका ठाउँमामा पुगेर बीउ ल्याउने प्रचलन थियो।

चिसो र लेकाली भेगमा फलेको आलुको स्वाद मिठो हुने भएकाले ती ठाउँमा पुगेर चामलसँग आलुको बीउ विनिमय गर्ने चलन पुरानो हो।

तर आजभोलि क्याङ, लेस्पार, बर्नौं, लगायतका किसानले बाहिर निर्यात गर्ने भन्दा पनि आफ्ना लागि आवश्यक बीउ मात्रै राखेको प्रायः भेटिन्छ । हाइब्रिड जातका बीउले बजारमा बर्चस्व जमाएको बेलामा ती लेकाली भेगमा समेत आयातित बीउ प्रयोग हुने क्रम बढ्दै जान थालेको छ। रैथाने जातका आलुको बीउमा विभिन्न समस्या देखिएपछि जलजला गाउँपालिकाले आफैं पूर्व मल बीउ र उन्नत जातको बीउ उत्पादनको काम गर्दै आएकोमा बीउमा आत्मनिर्भर बनेको गाउँपालिकाको कृषि शाखाका प्रमुख राजु गौतमले बताउनुभयो । गाउँपालिकाले उत्पादन गरेको आलुको पूर्व मूल बीउबाट उत्पादन भएको आलुको बीउ कोल्ड स्टोरमा राख्नका लागि पठाइसकिएको छ। तिपन्न हजार दुई सय दाना बीउ लगाएकामा त्यसबाट ६ हजार पाँच सय किलो उत्पादन भएको छ। उहाँले भन्नुभयो, "दोस्रो पुस्ताको उन्नत बीउ १० मेट्रिक टन लगाएकामा ७५ मेट्रिक टन उत्पादन गरेर कोल्ड स्टोरमा राखिएको छ। यही वर्ष पनि हामीलाई आवश्यक बीउ पुग्छ । केही निर्यात हुनसक्ने अवस्था रहला, अर्को वर्ष त हामीलाई आवश्यक भन्दा धेरै बीउ तयार भएको हुने छ।"

पूर्व मूल बीउबाट पहिलो चरणमा उत्पादन भएको ६.१ मेट्रिक टन बीउ कोल्ड स्टोरमा राख्नका लागि पोखरा पठाइएको छ। उन्नत जातका रूपमा लिइएको खुमल उज्ज्वलको 'हार्भेस्टिड' बाँकी नै रहेको भन्दै शाखा प्रमुख गौतमले यो जातको बीउ आठ मेट्रिक टन उत्पादन हुने प्रक्षेपण गरिएको बताउनुभयो।

असिनाका कारण खुमल सेतो १ मा ५० प्रतिशत उत्पादन कम हुँदा पनि करिब लक्ष्य अनुसारकै बीउ तयार हुने अवस्था रहेको छ। आगामी आर्थिक वर्ष २०८०/८१ मा ७५.५ मेट्रिक टन दोस्रो पुस्ताबाट उत्पादित बीउ आलु र आठ मेट्रिक टन मूल बीउबाट अन्य बीउ उत्पादन सुरु गरेपछि गाउँपालिकामा खपत हुन नसकेको बीउ निर्यात गर्ने अवस्था आउने गाउँपालिकाले बताएको छ। करिब रु १० लाखको लगानीमा उत्पादन हुने उन्नत जातको बीउ किसानले आलु खेतीका लागि पाउने छन्। तर पूर्व मूल बीउ भने गाउँपालिकाको प्रत्यक्ष निगरानी र लगानीमा किसानले लगाउने छन्। यो बीउका लागि किसानको छनोट, आलुको प्लटिङ, लगानी, निगरानीलगायत काम गाउँपालिकाले नै गर्नेछ। गाउँपालिकाका अध्यक्ष राजु आचार्यले गाउँपालिकाले यस वर्ष रु २५ लाख लगानी गरेकोमा अर्को आर्थिक वर्षसम्ममा करिब रु डेढ करोड लगानी गर्ने बताउँछन्। यसवर्ष मूल बीउ एक हजार पाँच सय र उन्नत जातको १५ हजार बोरा बीउ उत्पादन गर्न आफूहरू सफल हुलुले बीउमा आत्मनिर्भर बन्न सकिएको उहाँको भनाइ छ । गाउँपालिकाले रैथाने तथा परम्परागत जातका आलुका बीउको संरक्षणको प्रयास गरेको भए पनि रैथाने जातको बीउमा विभिन्न समस्या देखिएपछि किसान उन्नत जातको बीउमा आकर्षित भएको उहाँले बताउनुभयो।

"यहाँका बर्नौं लगायतका क्षेत्रमा फल्ने आलुको बीउ लिनका लागि कहाँकहाँदेखि सर्वसाधारण आउँथे। तर आजभोलि ती रैथाने जातको आवश्यक परीक्षण नहुनु, एउटै जातको बीउ धेरै वर्षसम्म प्रयोग हुनु, कीरा र कमिलाको प्रकोप बढी हुनेलगायत समस्याका कारण लगानी अनुसारको उत्पादन हुन सकेको छैन", अध्यक्ष आचार्य भन्नुहुन्छ, "हामीले नै तयार पार्ने उन्नत जातको बीउ अब हामीलाई बढी हुन्छ। रैथाने जातका आलु स्वादका लागि मीठो भए पनि किसानलाई आत्मनिर्भर बनाउन नसक्दा किसानको रोजाइमा परेको छैन।" आलुको बीउ उत्पादनलाई गाउँपालिकाले प्राथमिकतामा राखेको अवस्थामा सङ्घीय सरकारले सहयोगको आश्वासन दिए पनि सहयोग भने नआएको गाउँपालिकाले बताएको छ । जलजला गाउँपालिकाका विभिन्न स्थानको मौसम र माटोको अवस्था अनुसार कृषि प्राविधिकले कात्तिक र मङ्सिरमा आलु लगाउँदा जनकदेव र खुमल उज्ज्वल जातको तथा पुस र माघमा आलु लगाउँदा जनकदेव र खुमल सेतो-१ लगाउन सुझाव दिएका छन् । जनकदेव जातको आलुलाई असिना र प्रकोपको रूपमा आउने डढुवाले पनि धेरै क्षति गर्न नसक्ने भएकाले किसानलाई फाइदा हुने प्राविधिकको सल्लाह छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१